# राष्ट्रिय जातीयता-विरोधी रणनीति

## रणनीतिको बारेमा

2011 मा, अष्ट्रेलियाको सरकारले राष्ट्रिय जातीयता-विरोधी रणनीतिको विकास गर्नको लागि प्रतिबद्धता जनाएको छ।

राष्ट्रिय जातीयता-विरोधी रणनीतिको उद्देश्य:

अष्ट्रेलियन समुदायमा जातीयता भनेको के-हो भन्ने स्पष्ट ज्ञानलाई प्रोत्साहन गर्न, र यसलाई कसरी रोक्न र घटाउन सकिन्छ।

यस रणनीतिको लक्ष्यहरू:

- जातीयताको चेतना सिर्जना गर्ने र यसले कसरी व्यक्तिहरू र व्यापक समुदायलाई असर गर्दछ
- जातीयता रोक्न र घटाउनको लागि उचित अभ्यास कदमहरू पहिचान गर्ने, प्रोत्सान गर्ने र निर्माण गर्ने, र
- समुदायहरू र व्यक्तिहरूलाई जातीयता रोक्न र घटाउनको लागि पाईलाहरू चाल्नको लागि र सो कुराहरू घटेको खण्डमा मद्दत पाउन अधिकार दिन।

अष्ट्रेलियन मानव अधिकार दल(Australian Human Rights Commission)मा जातीय भेदभाव प्रतिनिधि(Race Discrimination Commissioner) द्वारा अघि सारिएको साझेदारी मार्फत यस रणनीतिको विकास गरिएको छ। यस साझेदारीका अरू सदस्यहरू हुन्: आप्रवास र नागरिकता विभाग(Department of Immigration and Citizenship), महान्यायवादी विभाग(Attorney-General's Department), परिवार विभाग(Department of Families), सामाजिक सेवा र स्वदेशीय मामिला (Community Services and Indigenous Affairs), अष्ट्रेलियन बहु-सांस्कृतिक परिषद्(Australian Multicultural Council), अष्ट्रेलियाको पहिलो मानिससहरूको राष्ट्रिय कांग्रेस (National Congress of Australia's First Peoples) र प्रजातीय समुदायहरूको अष्ट्रेलियाको परिषदको राज्य मण्डल (Federation of Ethnic Communities' Councils of Australia)।

यस रणनीतिलाई जुलाई 2012 र जुन 2015 को बिचमा कार्यान्वयन गरिनेछ। यसले सामाजिक जागरूकता, शिक्षा स्रोतहरू र युवा संलग्नतालाई विशेष ध्यान दिनेछ।

## जातीयता भनेको के हो?

जातीयताले विभिन्न रूपहरू लिनसक्छ, जस्तै चोट पुग्ने खाल्का ठट्टा वा टिप्पणीहरू; नामले-बोलाउने वा मौखिक दुर्व्यवहार; उत्पीडन वा धम्की, वा मिडिया वा अनलाइन टिका-टिप्पणी जसले विशेष समूहहरू तर्फ शत्रुता बढाउने गर्दछ। यसको सबैभन्दा गम्भीर रूपमा, जातीयताले शारीरिक दुर्व्यवहार वा हिंसाको कर्तूतहरू निम्त्याउन सक्छ।

जातीयताले मानिसहरूलाई सेवाहरू पहुँच गर्न वा रोजगार, शिक्षा, खेलकुद र सामाजिक क्रियाकलापहरूमा भाग लिनबाट वञ्चित गराउने गर्दछ। यो संस्थागत स्तरमा पनि नीतिहरू वा अभ्यासहरूमा हुने गर्दछ जसले केही समूहहरूलाई बेफाइदा गर्ने गर्छ।

जातीयताले मौकाहरू, श्रोतहरूमा असमान पहुँच निम्त्याउने गर्छ वा विभिन्न जातजातीका मानिसहरूको शक्तिलाई असमान गराउने गर्दछ। विशेष जातका मानिसहरू अरू जातका भन्दा गौण वा वरिष्ठ छन् भन्ने विश्वासको प्रयोगले यसता असमानतालाई स्पष्ट पार्ने गर्दछ।

## अष्ट्रेलियामा कसले जातीयता महसुस गर्दछ?

जातिवाद व्यवहार, जस्तै नामले बोलाउने र दुर्व्यवहार गर्ने जस्ता कुराहरू कुनैपनि जातीय समूहका सदस्यहरू बिच हुन सक्छन्। तापनि, अष्ट्रेलियाका केही मानिसहरू जातीयता र भेदभावबाट थप असुरक्षित छन्, विशेष गरि आदिवासी र टोरेस स्ट्रेट आइल्यान्डर (Torres Strait Islander) मानिसहरू र जातीय र सांस्कृतिक अल्पसङ्ख्यकहरू। केही धार्मिक समूहहरूका सदस्यहरूले पनि तिनीहरूको जात र परम्पराको कारणले गर्दा भेदभाव महसुस गर्छन्।

## समुदायलाई सुन्ने

हामीले अष्ट्रेलिया भरिका समग्र मानिसहरूसँग मार्च र मे 2012 को बिचमा कुरा गरेका थियौँ:

- लगभग 700 मानिसहरू 23 वटा परामर्श कार्यक्रमहरूमा उपस्थित भएका थिए।
- हामीले 1500 भन्दा बढि विद्युतीय सर्वेक्षणहरू र 200 पेशीहरू प्राप्त गरेका थियौँ।

हामीले प्राप्त गरेको कठोर सन्देश के थियो भने जातीयताको विरुद्ध कारबाही गर्नु अत्यन्त महत्वपूर्ण रहेको छ।

हामीले काम गर्नुपर्ने प्राथमिक क्षेत्रहरू बारे पनि साधारण सम्झौता गरिएको थियो, जहाँ समावेश गरिएका छन्:

- कार्यक्षेत्रहरू
- संचार माध्यम

- विद्यालयहरू र उच्च शिक्षा
- सरकारी सेवाहरू
- अनलाईन, र
- खेलकुद।

## जातीयता - यो हामीसँग रोकिन्छ

यस रणनीतिले अष्ट्रेलियन समुदायका सबै सदस्यहरूलाई जातीयता अन्त्य गर्न तर्फ आव्हान गर्दछ। हामीले व्यक्तिगत वा सामूहिक रूपमा गर्ने कार्यहरूको कारणले गर्दा जातीयता रोकिन्छ।

## हामीले गर्ने कार्यहरू

*जातीयता र व्यक्तिहरू र समुदायमा यसले पार्ने असरहरू बारे चेतना सिर्जना गर्ने।*

- जातीयताको चेतना सिर्जना गर्न र यस बारे हामीले के गर्न सक्छौं भन्ने बारे अभियान सुरु गर्ने।
- रणनीति र यसको गतिविधिहरूलाई प्रचार गर्ने नेताहरूसँग काम गर्ने।
- जातीयताको असरहरूको चेतनालाई बढाउनको लागि यसबारेको अनुसन्धानलाई प्रोत्सान दिने।

*जातीयता रोक्नको लागि राम्रो उदाहरणहरू निर्माण गर्ने।*

- नीतिहरू र कानुनहरूलाई समर्थन गर्ने जसले सबै जातीय र सांस्कृतिक पृष्ठभूमिबाट आएका अष्ट्रेलियनहरूको इज्जत र समानतालाई प्रोत्साहन गर्दछ।
- युवा मानिसहरूलाई ध्यानमा राखि, जातीयता बारे राम्रो शिक्षामूलक स्रोतहरूको वेबसाइट सिर्जना गर्ने।
- जातीयतालाई विचार गर्दै चालिएका राम्रा कदमहरूलाई समर्थन गर्नको लागि प्राथमिक क्षेत्रहरूमा संस्थाहरूसँग काम गर्ने।
- राष्ट्रिय, राज्य र स्थानीय स्तरहरूमा राम्रा प्रारम्भिक कदमहरूलाई प्रोत्साहन गर्नको लागि सबै स्तरका सरकारी र गैर-सरकारी संस्थाहरूसँग साझेदारी निर्माण गर्ने।

*व्यक्तिहरू र समुदायहरूलाई जातीयता बारे जानकारी र स्रोतहरूमा पहुँच उपलब्ध गराउने, ताकि त्यस्ता घटनाहरू घटेमा के गर्ने भन्ने बारेमा तिनीहरूले अझ बढि आत्मविश्वास कायम राख्न सकुन्।*

- व्यक्तिहरू र समुदायहरूलाई संस्थाहरू र प्रणालीहरूमा हुने जातीयताको प्रत्युत्तर दिन समर्थन गर्ने स्रोतहरूलाई प्रोत्साहन गर्ने।
- जातीयताको जोखिममा परेका व्यक्तिहरू र समुदायहरूलाई कसरी कानुनी सुरक्षाहरू पहुँच गर्ने भन्ने बारे जानकारी उपलब्ध गराउने।

## रणनीतिको कार्यान्वयन

राष्ट्रिय जातीयता-विरोधी रणनीतिलाई तीन वर्षको चरणहरूमा कार्यान्वयन गरिनेछ।

**जुलाई 2012 देखि:** हामीले जातीयतामा सामाजिक जागरूकता अभियान सुरु गर्ने छौँ। जातीयताको सामाजिक जागरूकता निर्माण गर्न र यसको आर्थिक र सामाजिक खर्चहरूमा अनुसन्धानलाई प्रोत्सान दिनमा हामी विशेष ध्यान दिनेछौँ। जातीयतालाई घटाउन र इज्जत र समानतालाई प्रोत्सान दिन प्रयास गरिरहेका अवस्थित प्रारम्भिक कदमहरूलाई कसरी हामीले समर्थन गर्न सक्छौँ भन्ने बारे हामी हेर्नेछौँ।

**जुलाई 2013 देखि:** हामीले जातीयता-विरोधी शिक्षा स्रोतहरूको वेबसाइट सिर्जना गर्नेछौँ र व्यक्तिहरू र समुदायहरूलाई जातीयता विरुद्ध कारबाही गर्न समर्थन प्रदान गर्नको लागि राम्रो स्रोतहरू सङ्कलन गर्न सुरु गर्नेछौँ। संस्थाहरू र प्रणालीहरूमा जातीयता घटाउन राम्रो पद्धतिहरूको पहिचान गर्नको लागि हाम्रो प्राथमिक क्षेत्रहरूमा रहेका संस्थाहरूसँग हामी काम गर्न सुरु गर्नेछौँ।
**जुलाई 2014 देखि:** हामीले सङ्कलन गरेका र विकास गरेका स्रोतहरूलाई प्रयोग गर्दै, व्यक्तिहरू र समूदाहरूलाई जातीयताको प्रत्युत्तर दिन मद्दत गर्नको लागि हामी हाम्रो साझेदारहरूसँग काम गर्नेछौँ।

तीन वर्षको अन्त्यमा, राष्ट्रिय जातीयता-विरोधी रणनीतिको मुल्याङ्कन गरिनेछ।

## संलग्न हुनुहोस्

राष्ट्रिय जातीयता-विरोधी रणनीति सचिवालय

फोन: 02 9284 9600 वा 1800 620 241 (TTY)
ईमेल: antiracismsecretariat@humanrights.gov.au
वेवसाईट: www.humanrights.gov.au/antiracism
ठेगाना: GPO BOX 5218
SYDNEY NSW 2001

जातीय भेदभावको सामना गरेका मानिसहरूबाट आएको उजूरीहरूलाई अष्ट्रेलियन मानव अधिकार दलले सुल्झाउने छ।

भेदभाव र तपाईंको अधिकारहरूको बारेमा नि:शुल्क सुझावको लागि, वा उजूरी गर्नको लागि, **02 9284 9888**, **1300 656 419** (स्थानीय कल) वा **1800 620 241** (TTY) मा दलको उजूरी जानकारी लाईनमा कल गर्नुहोस्।

उजूरी पेश गर्न वा त्यसको प्रत्युत्तर दिने बारे जानकारी www.humanrights.gov.au मा उपलब्ध छ । तपाईंले दललाई complaintsinfo@humanrights.gov.au मा पनि ईमेल गर्न सक्नुहुन्छ।